# श्री शिवशक्ति महिला सामुदायिक वन उपभोक्ता समूह

**बैजनाथ गा.पा.-२, बाँके**

## बोलपत्रद्वारा गोलिया काठ लिलाम विक्रीको सूचना

**मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति: २०८३/०३/०४ गते**

यस शिवशक्ति महिला सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट स्वीकृत वन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३०३८ मिति २०८२/१२/०२ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई श्री डिभिजन वन कार्यालय बाँकेको च.नं. ४७६१ मिति २०८३/०२/२७ गतेको लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका तपसिलमा उल्लेखित परिमाणको गोलिया काठ लिलाम बिक्री गर्नुपर्ने भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तपसिलको शर्तको अधिनमा रही खरिद गर्न चाहने इच्छुक काष्ठ व्यवसायी (व्यक्ति, फर्म वा कम्पनी) ले यो सूचना मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिले **२१** दिनभित्र खरिद गरी गोप्य सिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना आह्वान गरिएको छ ।

**तपसिल:**

**वन पैदावारको विवरण:**

| क्र.सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | खयर | | १०५ | ६६.८६ | १०००/- | ६६८६०।०० | १६०६५।०० | |
| २ | सिसौं | B | २ | ३.७५ | ५००/- | १८७५।०० | | |
| ३ | असना | B | १ | ८.०० | ३००/- | २४००।०० | | |
| | | C | ४ | १८.५१ | १००/- | १८५१।०० | | |
| ४ | मसला | | ८ | २४.४६ | १२५/- | ३०५७।५० | | |
| | **जम्मा** | | १२० | १२१.५८ | | ७६०४३।५० | | |

**शर्तहरु:**

१. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय:

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय: २०८३/०३/२४ गते कार्यालय समयसम्म

ख) बोलपत्र दाखिला अन्तिम मिति र समय: २०८३/०२/२५ गते दिउँसो १२:०० बजेसम्म

२. बोलपत्र फारम यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय बाँकेबाट रु. १०००।- (अक्षरेपी: एक हजार) मात्र पछि फिर्ता नहुने गरी कार्यालय समयभित्र खरीद गरी समूहको कार्यालय तथा डि.व.का. बाँकेमा दाखिला गर्न सकिने छ ।

३. आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस सामुदायिक वन उपभोक्ता समूहको रा.वा. बैंक कोहलपुर शाखाको च.हि.नं. ४१३०१००१५८७०७०१० मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ संलग्न राख्नु पर्नेछ ।

४. तपसिलमा उल्लेखित भएका परिमाण अनुसारका लिलामा परेका घाटगद्दीमा रहेका वन पैदावारहरु यस सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिका पदाधिकारीहरुको रोहवरमा घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

५. घाटगद्दीमा रहेका वन पैदावार जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार कर्ताले आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ ।

६. यो सूचना प्रकाशित भएको प्रथम पटकको मितिबाट २१ दिन भित्र इच्छुक काष्ठ व्यवसायी (व्यक्ति, फर्म वा कम्पनी) का प्रोपराईटरले नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, कर दर्ताको प्रमाण-पत्रको प्रतिलिपी, कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण-पत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) प्रमाण-पत्रको प्रतिलिपी (नविकरण भएका मात्र) बोलपत्रका साथ पेश गर्नु पर्नेछ ।

७. रितपूर्वक पर्न आएका र बोलपत्रहरु मिति २०८३/०३/२६ गते दिनको २:०० बजे फर्म वा कम्पनीको प्रोपराईटर वा प्रतिनिधि नआएमा साक्षीहरुको रोहवरमा यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा खोलिने छ ।

८. बोलपत्रमा सकार गरको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेको रकम तथा निर्धारित मु.अ. कर समेत बुझाई लिलाम चढाएको वा वन पैदावार तोकिएको समयावधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. तोकिएको समयावधि भित्र सकार रकम मु.अ. कर, कटान मुछान र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्कार धरौटी जफत गरी नियमानुसार गरिने छ ।

११. पर्न आएका बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस समूहमा निहित रहने छ । प्रक्रिया वा रित नपुगेका र समय भन्दा पछाडि दर्ता हुन आएका बोलपत्रहरु स्वत: बदर हुनेछ ।

१२. बोलपत्र खरिद गर्ने अन्तिम मिति र दाखिला गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुल्ने पहिलो दिन क्रमश: खरिद वा दाखिला गर्न सकिने छ ।

१३. थप अन्य जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

# नयाँ 'एसेन्सियल सिरिज' सार्वजनिक

मिसन संवाददाता
*काठमाडौँ, ३ असार*

एलजी इलेक्ट्रोनिक्स सिंगापुरले 'एलजी एसेन्सियल सिरिज' सार्वजनिक गरेको छ। काठमाडौँस्थित भिभान्ता काठमाडौँमा आयोजित विशेष कार्यक्रममार्फत उक्त शृंखलाको औपचारिक अनावरण गरिएको हो।

'हरेक घरको खुसी, घर-घरमा एलजी' अभियानअन्तर्गत सार्वजनिक गरिएको एलजी एसेन्सियल सिरिजले आधुनिक प्रविधि, उत्कृष्ट कार्यसम्पादन, टिकाउपन तथा किफायती मूल्यलाई एकैसाथ समेटेको छ। नेपाली परिवारको दैनिक आवश्यकता तथा स्थानीय परिस्थितिलाई ध्यानमा राखेर डिजाइन गरिएका यी उत्पादनहरूले गुणस्तरीय जीवनशैलीलाई अझ सहज र सुविधाजनक बनाउने विश्वास कम्पनीले व्यक्त गरेको छ।

नयाँ शृंखलामा नेपाली बजारका लागि विशेष रूपमा डिजाइन गरिएका डबल डोर रेफ्रिजेरेटर, फुल्ली अटोमेटिक टप लोड वासिङ मेसिन तथा रुम एयर कन्डिसनर समावेश छन्। कम्पनीका अनुसार यी उत्पादनहरू नेपाली घरपरिवारको वास्तविक आवश्यकता र प्रयोगको शैलीलाई ध्यानमा राखेर विकास गरिएको हो।

यस अवसरमा चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले एलजी र सीजी इलेक्ट्रोनिक्सबीचको दीर्घकालीन सहकार्यलाई स्मरण गर्दै एलजी एसेन्सियल सिरिजले नेपाली उपभोक्ताका लागि नयाँ अवसर सिर्जना गर्ने विश्वास व्यक्त गरे। उनले अन्तर्राष्ट्रियस्तरको प्रविधिलाई नेपाली बजारको आवश्यकता अनुसार उपलब्ध गराउने प्रयास निरन्तर जारी रहने बताए।




त्यसैगरी, एलजी इलेक्ट्रोनिक्स सिंगापुरका होम एप्लायन्स सोलुसन-प्रोडक्ट डाइरेक्टर चाङ्हो हानले नेपाली उपभोक्ताबाट प्राप्त विस्तृत अध्ययन र निष्कर्षका आधारमा एलजी एसेन्सियल सिरिज विकास गरिएको जानकारी दिए। उनका अनुसार आधुनिक डिजाइन, भरपर्दो कार्यसम्पादन र प्रयोगमैत्री सुविधाको संयोजन रहेको यो श्रृंखलाले नेपाली परिवारको दैनिक जीवनलाई थप सहज, सुविधाजनक र समृद्ध बनाउनेछ।

एलजी एसेन्सियल सिरिजअन्तर्गतको डबल डोर रेफ्रिजेरेटरमा फ्रस्ट-फ्री प्रविधि समावेश गरिएको छ, जसले म्यानुअल डिफ्रोस्टिङको आवश्यकता हटाउँछ। स्मार्ट मोड सुविधाले मौसमअनुसार स्वचालित रूपमा चिस्यान नियन्त्रण गर्ने क्षमता प्रदान गर्छ। साथै, अघिल्ला मोडेलको तुलनामा २० प्रतिशत बढी तरकारी भण्डारण क्षमताले नेपाली परिवारको दैनिक आवश्यकता अझ प्रभावकारी रूपमा पूरा गर्ने कम्पनीको दाबी छ।

त्यसैगरी, एलजी एसेन्सियल सिरिज फुल्ली अटोमेटिक टप लोड वासिङ मेसिन नेपालका विविध वातावरणीय अवस्थालाई ध्यानमा राखेर निर्माण गरिएको छ।

यसमा प्रोशिल्ड मोटर, बीएमसी कभर तथा आईपीएक्स-४ प्रमाणित वाटर-रेजिस्टेन्ट कन्ट्रोल प्यानल जस्ता विशेषता समावेश छन्। साथै, लो-प्रेसर फिल टेक्नोलोजीले कम पानीको चापमा पनि प्रभावकारी धुलाई सुनिश्चित गर्ने सुविधा प्रदान गर्छ।

एलजी एसेन्सियल सिरिज रुम एयर कन्डिसनर ऊर्जा-दक्ष प्रविधिसहित उपलब्ध गराइएको छ। यसले प्रभावकारी कुलिङ र हिटिङ सुविधा प्रदान गर्नुका साथै परम्परागत नन-इनभर्टर एयर कन्डिसनरको तुलनामा कम विद्युत् खपत गर्छ। वातावरणमैत्री आर-३२ रेफ्रिजरेन्टको प्रयोग तथा न्यून ध्वनिमा सञ्चालन हुने विशेषताले प्रयोगकर्तालाई थप आरामदायी अनुभव प्रदान गर्ने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार एलजी एसेन्सियल सिरिजका उत्पादनहरूको बिक्री वितरण नेपालभर जुन २०२६ देखि सुरु हुनेछ। प्रारम्भिक मोडेलहरूको मूल्य करिब ४९ हजार ६९० रूपैयाँबाट सुरु हुनेछ। यी उत्पादनहरू देशभर रहेका आधिकारिक एलजी ब्रान्ड शप, मल्टि-ब्रान्ड रिटेल आउटलेट तथा प्रमुख ई-कमर्स प्लेटफर्ममार्फत उपलब्ध हुनेछन्।

एलजी र सिजी इलेक्ट्रोनिक्सले नेपाली उपभोक्तालाई अन्तर्राष्ट्रियस्तरको गुणस्तर, आधुनिक प्रविधि र भरपर्दो सेवा उपलब्ध गराउने प्रतिबद्धतासहित सार्वजनिक गरिएको एलजी एसेन्सियल सिरिजले नेपाली घरपरिवारको दैनिक जीवनलाई अझ स्मार्ट, सहज र समृद्ध बनाउने विश्वास व्यक्त गरेका छन्।

# नागरिक लगानी कोष र एभरेष्ट बैंकबीच अवकाश कोष सञ्चालन सम्झौता

मिसन संवाददाता
*काठमाडौँ, ३ असार*



नागरिक लगानी कोष र एभरेष्ट बैंकबीच बैंकका कर्मचारीहरूको अवकाश कोष व्यवस्थापन तथा सञ्चालन गर्ने सम्बन्धमा द्विपक्षीय सम्झौता भएको छ। बुधबार भएको सम्झौतामा कोषको तर्फबाट निर्देशक नवराज खड्का र बैंकको तर्फबाट प्रमुख वित्तीय अधिकृत राजन कायस्थले हस्ताक्षर गरेका छन्।

सम्झौतामा बैंकका स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरूको योगदानमा आधारित वा गैरयोगदानमा आधारित उपदान कोष तथा अतिरिक्त अवकाश कोषको व्यवस्थापन र कार्यान्वयन कोषले गर्ने उल्लेख छ।

कोषले सहभागी कर्मचारीहरूको व्यक्तिगत खाता तयार गरी परिचयपत्र उपलब्ध गराउने, बैंकबाट प्राप्त रकम र विवरणअनुसार खाता अद्यावधिक गर्ने तथा बैंकको सिफारिसमा सेवानिवृत्त कर्मचारीहरूलाई नियमानुसार कर कट्टा गरी अवकाश रकम भुक्तानी गर्ने कार्य गर्नेछ।

साथै, कर्मचारीले कोषमा योगदान गरेको रकमबाट आर्जन गरेको ब्याज, प्रतिफल तथा अन्य अतिरिक्त सुविधाहरू कोषको नियममा उल्लेख भएअनुसार पाउनेछन्।

सम्झौताअनुसार आयकर ऐन, २०५८ बमोजिम स्वीकृत अवकाश कोषमा रहेका कर्मचारीहरूको साविकको रकम र बहाल रहेका कर्जा समेतलाई कोषमा रकमान्तर गरी समायोजन गरिने पनि सम्झौतामा उल्लेख छ।

# घरजग्गा कारोबारबाट पाँच अर्ब २४ करोड राजस्व



मिसन संवाददाता
*काठमाडौँ, ३ असार*

देशभरका भूमि प्रशासन कार्यालयले गत जेठ महिनामा रु पाँच अर्ब २४ करोड ४२ लाख ५१ हजार १०१ बराबर राजस्व संकलन गरेका छन्। भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार देशभरका १३८ भूमि प्रशासन कार्यालयले सेवाकरबाट रु २८ करोड ६६ लाख ३२ हजार ५६० संकलन गरेको छ।

यस्तै, रजिष्ट्रेसन दस्तुरबाट रु दुई अर्ब ७८ करोड ५१ लाख १६ हजार २२६, पूँजीगत लाभकरबाट रु दुई अर्ब १२ करोड ३१ लाख ४२ हजार ६४४ संकलन गरेको छ। विभागका अनुसार भूमि प्रशासन कार्यालय डिल्लीबजारले रु ३४ करोड ४४ हजार, टोखाले रु १० करोड ९९ लाख २३ हजार, चाबहिलले रु ३१ करोड ४२ लाख १९ हजार बराबरको राजस्व संकलन गरेको छ।

विभागका अनुसार गत वैशाख महिनामा देशभरका मालपोत कार्यालयहरूले कूल रु छ अर्ब २६ करोड ३८ लाख २९ हजार ८७३ बराबरको राजस्व संकलन गरेका थिए। यस्तै, गत चैतमा कूल रु छ अर्ब १६ करोड ५७ लाख ५० हजार ११७ राजस्व संकलन गरेका थिए। त्यस्तै, गत फागुनमा रु चार अर्ब १४ करोड ९५ लाख ४८ हजार ९३२ र गत माघमा भने रु पाँच अर्ब ९९ लाख २४ हजार ५३६ बराबरको राजस्व संकलन भएको थियो।


**विशेष साधारण सभासम्बन्धी सूचना**

यस एल.जि.आर. कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.(द.नं.१६२०८२/०७३-७४) पञ्चकुले ७, दाङको विशेष साधारण सभा तपशीलको मिति समय र स्थानमा बस्ने भएकोले यस कम्पनीका शेयरधनीहरूलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

मितिः २०८३ साल असार २० गते शनीबार
समयः दिउँसो १ बजे
स्थानः बबई गा.पा.वडा नं. ७, ओदाले तल्लो धारा दाङ
छलफलको प्रस्तावः कम्पनीको खारेजी सम्बन्धमा

**सञ्चालक**
**गणेश लाल वली**
**एल.जि.आर. कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.**
**पञ्चकुले ७, दाङ**

**काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३-०३-०४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको खयर लगायत अन्य जातको गोलिया थान १२० को १२१.५८ क्यूफिट काठ लिलाम गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक संघ/संस्था फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनको १:३० बजेसम्म दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**श्री शिव शक्ति महिला सामुदायिक वन उपभोक्ता समूह**
**बैजनाथ गा.पा.- २, बाँके**

**काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३-०३-०४**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको खयर जातको गोलिया थान २०७ को १८८.५५ क्यूफिट काठ लिलाम गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक संघ/संस्था फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनको १:३० बजेसम्म दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**श्री सुनगाभा सामुदायिक वन उपभोक्ता समूह**
**बैजनाथ गा.पा.- २, बाँके**

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८३ साल असार महिना ४ गते विहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री ण( गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१) शाखा कार्यालय : लुहाम शाखा** — **कर्जा शीर्षक : मुक्तिनाथ सहुलियत कर्जा**

**ऋणीको विवरण**
नाम : **सन्दीप कपडा पसल एण्ड टेलरीङ सेन्टर** व्यवसाय गर्नेको नाम : मोहन नेपाली
इजाजत नम्बर : १९५/०७४/०७५ दर्ता गर्ने कार्यालय : कपुरकोट गाँउ कार्यपालीकाको कार्यालय
दर्ता मिति : २०७५/०२/०६ रजिष्टर्ड ठेगाना : सल्यान जिल्ला कपुरकोट गा.पा. वडा नं. ५
स्थायी लेखा नं. : ६०५८४५६०२

**व्यवसाय गर्नेको विवरण**
देविराम दमाईको नाति कविराम दमाईको छोरा सल्यान जिल्ला रिम वडा नं. २ हाल, कपुरकोट गा.पा. वडा नं. ५ बस्ने **मोहन नेपाली** (ना.प्र.नं. : ५५३०४२/२२२ जारी मिति र जिल्ला : २०६३/१०/१९, सल्यान)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
१) कविराम दमाईको बुहारी मोहन नेपालीको पत्नी सल्यान जिल्ला रिम वडा नं. २ हाल, कपुरकोट गा.पा. वडा नं. ५ बस्ने **सीता नेपाली** (ना.प्र.नं. :५५३०४२/२३५ जारी मिति र जिल्ला : २०६३/१०/१९, सल्यान)
२) नैने कामीको नाति बल बहादुर कामीको छोरा सल्यान जिल्ला रिम वडा नं. २ हाल, कपुरकोट गा.पा. वडा नं. ५ बस्ने **शोभाराम वि.क.** (ना.प्र.नं. : ५५०१४२/२६४८५ जारी मिति र जिल्ला : २०६९/०८/२०, सल्यान)

**२) शाखा कार्यालय : भैरहवा शाखा** — **कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा**

**ऋणीको विवरण**
नाम : **न्यू एज फेमेली स्पासेलोन** प्रोप्राइटरको नाम : मिना प्रधान प्रा.फ.र.नं. : १८६२५।०७५।०७६
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही दर्ता मिति : २०७६/०२/०९
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ६ स्थायी लेखा नं. : ६०८२८०९१२

**व्यवसाय गर्नेको विवरण**
नरेन्द्रप्रसाद श्रेष्ठको बुहारी गणेश बहादुर प्रधानको पत्नी रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने **मिना प्रधान** (ना.प्र.नं. : ३७-०२-७६-००९८५ जारी मिति र जिल्ला : २०७३/०२/०२, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
१) नरेन्द्रप्रसाद श्रेष्ठको बुहारी गणेश बहादुर प्रधानको पत्नी रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने **लक्ष्मी प्रधान** (ना.प्र.नं. : ३७-०२-७५-०६८३८ जारी मिति र जिल्ला : २०७५/०९/२४, रुपन्देही)
२) नरेन्द्रप्रसाद श्रेष्ठको नाति गणेश बहादुर प्रधानको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने **मदन कुमार प्रधान** (ना.प्र.नं. : ३७-०२-७५-०६८३९ जारी मिति र जिल्ला : २०७५/०९/२४, रुपन्देही)

**३) शाखा कार्यालय : भैरहवा शाखा** — **कर्जा शीर्षक : सब्सीडी आवाधिक कर्जा तथा सब्सीडी अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**
नाम : भाग्यशाली गाई भैंसी फर्म प्रा.लि. अख्तियार प्राप्त व्यक्ति : उमा शंकर यादव दर्ता नं. : २२३४९२/०७६/०७७ दर्ता मिति : २०७६/०५/१९ दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्टारको कार्यालय
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सियारी गा.पा. वडा नं. १ स्थायी लेखा नं. : ६०९६१८५५०

**अख्तियार प्राप्त व्यक्तिको विवरण**
सघई यादवको नाति चन्द्रजित प्रसाद यादवको छोरा रुपन्देही जिल्ला चिल्हीया वडा नं. ६ हाल, सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने उमा शकंर यादव (ना.प्र.नं. : २०८०६ जारी मिति र जिल्ला : २०५९/०१/२६, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
राम औतार यादवको छोरी चन्द्रजित प्रसाद यादवको बुहारी उमा शकंर यादवको पत्नी रुपन्देही जिल्ला सियारी गा.पा. वडा नं. १ हाल, सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने सरोज देवी यादव (ना.प्र.नं. : ३७१०१९/४२९२४ जारी मिति र जिल्ला : २०६७/०७/१५,रुपन्देही)

**४) शाखा कार्यालय : गोलबजार शाखा** — **कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**
जगत यादवको नाति सुरज यादवको छोरा सिराहा जिल्ला धनगढी माई न.पा. वडा नं. ८ बस्ने **संजय कुमार यादव** (ना.प्र.नं. : १५-०१-७४-०६४९० जारी मिति र जिल्ला : २०७४/०६/१८, सिराहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
१) बरधन यादवको नाति जगत यादव छोरा सिराहा जिल्ला अयोध्यानगर वडा नं. ७ हाल, धनगढी माई न.पा. वडा नं. ८ बस्ने **सुरज यादव** (ना.प्र.नं. : ०३४६२७८४ जारी मिति र जिल्ला : २०५६/०९/२८, सिरहा)
२) बिल्टु यादवको नाति खुशिलाल यादवको छोरा सिराहा जिल्ला धनगढी वडा नं. ६ हाल, धनगढीमाई न.पा. वडा नं. ८ बस्ने **सन्तोष यादव** (ना.प्र.नं. : १५३०२२/४७ जारी मिति र जिल्ला :२०७०/०२/२०, सिरहा)
३) शिवनाथ यादवको नाति गुदर यादवको छोरा सिराहा जिल्ला धनगढी गा.वि.स. वडा नं. ७ हाल, धनगढीमाई न.पा. वडा नं. ८ बस्ने **राम भगत यादव** (ना.प्र.नं. : १५३०२२-५३७ जारी मिति र जिल्ला :२०६३/१२/१८, सिरहा)

**५) शाखा कार्यालय : गोलबजार शाखा** — **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**
बरधन यादवको नाति जगत यादव छोरा सिराहा जिल्ला अयोध्यानगर वडा नं. ७ हाल, धनगढी माई न.पा. वडा नं. ८ बस्ने **सुरज यादव** (ना.प्र.नं. : ०३४६२७८४ जारी मिति र जिल्ला : २०५६/०९/२८, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
१) जगत यादवको नाति सुरज यादवको छोरा सिराहा जिल्ला धनगढी माई न.पा. वडा नं. ८ बस्ने **संजय कुमार यादव** (ना.प्र.नं. : १५-०१-७४-०६४९० जारी मिति र जिल्ला : २०७४/०६/१८, सिराहा)
२) जगत यादवको बुहारी सुरज यादवको पत्नी सिराहा जिल्ला अयोध्यानगर वडा नं. ७ हाल, धनगढीमाई न.पा. वडा नं. ८ बस्ने **फुलो यादव** (ना.प्र.नं. : २३२/२५० जारी मिति र जिल्ला :२०४६/१२/१८, सिरहा)
३) जगत यादवको नाति सुरज यादवको छोरा सिराहा जिल्ला अयोध्यानगर गा.वि.स. वडा नं. ७ हाल, धनगढीमाई न.पा. वडा नं. ८ बस्ने **पवन यादव** (ना.प्र.नं. : १५१०४६-५८१६ जारी मिति र जिल्ला : २०६७/०५/१३ ,सिराहा)
४) सुरज यादवको बुहारी पवन यादवको पत्नी सिराहा जिल्ला अयोध्यानगर वडा नं. ७ हाल, धनगढीमाई न.पा. वडा नं. ८ बस्ने **कविता यादव** (ना.प्र.नं. : १५-०१-७०-०८८७८ जारी मिति र जिल्ला :२०७०/०४/०२, सिरहा)

**६) शाखा कार्यालय : गोलबजार शाखा**
**कर्जा शिर्षक : कृषि सहुलियत आवधिक कर्जा, कृषि सहुलियत आधिविकर्ष कर्जा र हायर पर्चेज कर्जा**

**ऋणीको विवरण**
नाम : **सनसेट एग्रिकलचर प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : संजय कुमार यादव दर्ता नं. : २५५४९१/०७७/०७८
दर्ता मिति : २०७७/१०/२८ दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्टारको कार्यालय
रजिष्टर्ड ठेगाना : सिरहा जिल्ला अर्नमा वडा नं. ४ स्थायी लेखा नं. : ६०९९३२२०३

**प्रोपाइटरको विवरण**
जगत यादवको नाति सुरज यादवको छोरा सिराहा जिल्ला धनगढी माई न.पा. वडा नं. ८ बस्ने संजय कुमार यादव (ना.प्र.नं. : १५-०१-७४-०६४९० जारी मिति र जिल्ला : २०७४/०६/१८, सिराहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
१) अनुपभक्त यादवको नाति रामनाथ यादवको छोरा सिराहा जिल्ला धनगढी वडा नं. ८ हाल, धनगढीमाई न.पा. वडा नं. ९ बस्ने **फुलेश्वर यादव** (ना.प्र.नं. : ५/१/१६८ जारी मिति र जिल्ला :२०४६/०६/१९, सिरहा)
२) ज्ञान यादवको नाति लक्ष्मी नारायण यादवको छोरा सिराहा जिल्ला सिरहा न.पा. वडा नं. १९ बस्ने **अकलेश कुमार यादव** (ना.प्र.नं. : १५-०१-७४-०३७०६ जारी मिति र जिल्ला : २०७४/०३/२८, सिराहा)
३) मौजे यादवको नाति लखन यादवको छोरा सिराहा जिल्ला अर्नामा वडा नं. ७ हाल, अर्नमा गा.पा. वडा नं. ३ बस्ने **इन्द्र कुमार यादव** (ना.प्र.नं. : ८४५ जारी मिति र जिल्ला : २०४८/०५/१९, सिरहा)
४) गनपैत यादवको नाति जगर नाथी यादवको छोरा सिराहा जिल्ला पिप्रा प्रा.पी. वडा नं. ७ हाल, औरही गा.पा. वडा नं. ३ बस्ने **सिंहेश्वर यादव** (ना.प्र.नं. : १८८२ जारी मिति र जिल्ला : २०४६/०६/१९, सिरहा)
५) जगरनाथ यादवको नाति विशेश्वर यादवको छोरा सिराहा जिल्ला पिप्रा प्रा.पी. गा.वि.स. वडा नं. ७ हाल, औरही गा.पा. वडा नं. ३ बस्ने **मिथलेश कुमार यादव** (ना.प्र.नं. : १५-०१-७३-०५८०० जारी मिति र जिल्ला : २०७३/०७/०४, सिरहा)
६) योगेन्द्र यादवको छोरी महादेव यादवको बुहारी ओम प्रकाश यादवको पत्नी सिराहा जिल्ला गौरीपुर वडा नं. ७ हाल, गोलबजार न.पा. वडा नं. ४ बस्ने **सरिता यादव** (ना.प्र.नं. : ९१३/१५१०५५ जारी मिति र जिल्ला : २०६६/०९/१४, सिरहा)
७) बतहु यादवको नाति राजदेव यादवको छोरा सिराहा जिल्ला गोलबजार न.पा. वडा नं. २ हाल, वडा नं. ४ बस्ने **प्रशान्त कुमार यादव** (ना.प्र.नं. : १५-०१-७२-००९०६ जारी मिति र जिल्ला :२०५८/०६/१८, सिरहा)
८) राम यादवको छोरी राम सुफल यादवको बुहारी राम कुमार यादवको पत्नी सिराहा जिल्ला अर्नमा न.पा. वडा नं. ४ हाल, गोलबजार न.पा. वडा नं. २ बस्ने **संगिता कुमारी यादव** (ना.प्र.नं. : १५-०१-७४-१२३४८ जारी मिति र जिल्ला : २०७४/११/२९, सिरहा)
९) जगत यादवको बुहारी सुरज यादवको पत्नी सिराहा जिल्ला अयोध्यानगर वडा नं. ७ हाल, धनगढीमाई न.पा. वडा नं. ८ बस्ने **फुलो यादव** (ना.प्र.नं. : २३२/२५० जारी मिति र जिल्ला :२०४६/१२/१८, सिरहा)
१०) गनपैत यादवको नाति जगर नाथी यादवको छोरा सिराहा जिल्ला पिप्रा वडा नं. ७ हाल, गोलबजार न.पा. वडा नं. १ बस्ने **विशेश्वर यादव** (ना.प्र.नं. : ४०९०/१८८० जारी मिति र जिल्ला : २०४५/०१/१४, सिरहा)
११) रामरुप यादवको नाति बतहु यादवको छोरा सिराहा जिल्ला लालपुर वडा नं. ८ हाल, गोलबजार न.पा. वडा नं. २ बस्ने **विन्देश्वर प्रसाद यादव** (ना.प्र.नं. : ५३१६२२८४-८१६६ जारी मिति र जिल्ला :२०३६/१२/१४, सिरहा)
१२) बरधन यादवको नाति जगत यादव छोरा सिराहा जिल्ला अयोध्यानगर वडा नं. ७ हाल, धनगढी माई न.पा. वडा नं. ८ बस्ने सुरज यादव (ना.प्र.नं. : ०३४६२७८४ जारी मिति र जिल्ला : २०५६/०९/२८, सिरहा)

**७) शाखा कार्यालय : गोलबजार शाखा** — **कर्जा शिर्षक : कृषि आवधिक कर्जा**

**ऋणीको विवरण**
नाम : **पोलो एग्रो फार्म प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : संजय कुमार यादव
दर्ता नं. : ३३९७४६/८०/०८१ दर्ता मिति : २०८१/०३/१३ दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्टारको कार्यालय
रजिष्टर्ड ठेगाना : सिराहा जिल्ला अर्नामा वडा नं. ४ स्थायी लेखा नं. : ६२११७१९५६

**प्रोपाइटरको विवरण**
जगत यादवको नाति सुरज यादवको छोरा सिराहा जिल्ला धनगढी माई न.पा. वडा नं. ८ बस्ने **संजय कुमार यादव** (ना.प्र.नं. : १५-०१-७४-०६४९० जारी मिति र जिल्ला : २०७४/०६/१८, सिराहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
१) अनुपभक्त यादवको नाति रामनाथ यादवको छोरा सिराहा जिल्ला धनगढी वडा नं. ८ हाल, धनगढीमाई न.पा. वडा नं. ९ बस्ने **फुलेश्वर यादव** (ना.प्र.नं. : ५/१/१६८ जारी मिति र जिल्ला :२०४६/०६/१९, सिरहा)
२) जगरनाथ यादवको नाति विशेश्वर यादवको छोरा सिराहा जिल्ला पिप्रा प्रा.पी. गा.वि.स. वडा नं. ७ हाल, औरही गा.पा. वडा नं. ३ बस्ने **मिथलेश कुमार यादव** (ना.प्र.नं. : १५-०१-७३-०५८०० जारी मिति र जिल्ला : २०७३/०७/०४, सिरहा)
३) बरधन यादवको नाति जगत यादव छोरा सिराहा जिल्ला अयोध्यानगर वडा नं. ७ हाल, धनगढी माई न.पा. वडा नं. ८ बस्ने **सुरज यादव** (ना.प्र.नं. : ०३४६२७८४ जारी मिति र जिल्ला : २०५६/०९/२८, सिरहा)
४) जगत यादवको बुहारी सुरज यादवको पत्नी सिराहा जिल्ला अयोध्यानगर वडा नं. ७ हाल, धनगढीमाई न.पा. वडा नं. ८ बस्ने **फुलो यादव** (ना.प्र.नं. : २३२/२५० जारी मिति र जिल्ला :२०४६/१२/१८, सिरहा)
५) गनपैत यादवको नाति जगर नाथी यादवको छोरा सिराहा जिल्ला पिप्रा वडा नं. ७ हाल, गोलबजार न.पा. वडा नं. १ बस्ने **विशेश्वर यादव** (ना.प्र.नं. : ४०९०/१८८० जारी मिति र जिल्ला : २०४५/०१/१४, सिरहा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**